मिति: २०८३/०३/०९ | ने.सं. ११४६ तछलाथ्व ९ मंगलबार | बैठक संख्या - १४

आज मिति २०८३/०३/०६ गते शनिबारका दिन यस हिलिहाङ गाउँ कार्यपालिकाको कार्यालय, पञ्चमी, पाँचथरका अध्यक्ष श्री समर बहादुर अधिकारीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा आ.व २०८२/०८३ को चौधौं गाउँ कार्यपालिका बैठकद्वारा तल उल्लेखित प्रस्तावहरू माथि छलफल गरी देहायनुसारका निर्णयहरू पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री समर बहादुर अधिकारी ........................................

२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेडाई ........................................

३. वडा अध्यक्ष : श्री सन्तोष लिङ्देन........................................

४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ........................................

५. वडा अध्यक्ष : श्री बिरेन्द्र कुमार योङहाङ ........................................

६. वडा अध्यक्ष : श्री धनपति गिरी ........................................

७. वडा अध्यक्ष : श्री बिर्ख बहादुर सुहाङ ........................................

८. वडा अध्यक्ष : श्री गणेश प्रसाद योङहाङ ........................................

९. वडा अध्यक्ष : श्री धनकुमार लिम्बु ........................................

१०. कार्यपालिका सदस्य श्री सुष्मा लावती ........................................

११. कार्यपालिका सदस्य श्री बिष्णु कुमारी भट्टराई ........................................

१२. कार्यपालिका सदस्य श्री बिरेन्द्र मंग्राती ........................................

१३. कार्यपालिका सदस्य श्री पुण्यप्रसाद राई........................................

१४. कार्यपालिका सदस्य श्री निम्की भोटेनी भोटिया ........................................

१५. कार्यपालिका सदस्य श्री गंगामाया विश्वकर्मा........................................

१६. **सदस्य सचिव** श्री टोपेन्द्र कुमार लिम्बु ........................................

१७. लेखा अधिकृत श्री इश्वरी प्रसाद पाण्डे ........................................

१८. कार्यालय सहयोगी श्री बजेन्द्र कुमार पुरी ........................................

१९. सहयोगी श्री दिपेन्द्र योक्पाङदेन........................................

२०. कार्यालय सहयोगी श्री विवेका योङहाङ........................................

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८३/०३/०९ | ने.सं. ११४६ तछलाथ्व ९ मंगलबार | बैठक संख्या - १४

**प्रस्तावहरु :-**

१. न्यायिक समितिको बार्षिक प्रतिवेदन स्वीकृति सम्बन्धमा ।

२. सार्वजनिक लेखा समितिको बार्षिक प्रतिवेदन स्वीकृति सम्बन्धमा ।

३. विभिन्न विषयगत समितिको बार्षिक प्रतिवेदन स्वीकृति सम्बन्धमा ।

४. हिलिहाङ गाउँपालिकाको बेरुजु अध्यावधिक विवरण स्वीकृति तथा अनियमित बेरुजु नियमित गराउने सम्बन्धमा ।

५. वार्षिक बजेट तथा कार्यक्रम स्वीकृति सम्बन्धमा ।

६. सेवा सुविधा बापतको रकम भुक्तानी सम्बन्धमा ।

७. पाँचथर क्याम्पस व्यवस्थापन अनुदान भुक्तानी सम्बन्धमा ।

८. अनुपस्थित जनप्रतिनिधिको सेवा सुविधा सम्बन्धमा ।

९. कार्यसुची स्वीकृत सम्बन्धमा ।

१०. आर्थिक सहायता सम्बन्धमा ।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८३/०३/०९ नेपाल संवत ११४६ तछलाथ्व ९ मंगलबार बैठक संख्या - १४

**निर्णय नं. - १**

हिलिहाङ गाउँपालिकाको न्यायिक समितिले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ४७ ले दिएको अधिकार क्षेत्रको प्रयोग गरी दफा ५३ मा भएको व्यवस्था बमोजिम आ.व २०८२।०८३ मा बर्ष भरी सम्पादन गरेको कार्यको विष्तृतिकरण सहित तयार पारेको न्यायिक समितिको बार्षिक प्रतिवेदन-२०८३ स्वीकृति सहित अध्यक्ष मार्फत सभामा पेश गर्ने ।

**निर्णय नं. - २**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा २२ बमोजिम गठित हिलिहाङ गाउँपालिकाको सार्वजनिक लेखा समितिले आफ्नो बर्षभरीको काम कारबाही, बेरुजु फछर्यौटको अवस्था र आर्थिक अनुशासन कायम अपनाउनु पर्ने सुझाब समेटेर तयार पारेको बार्षिक प्रतिवेदन स्वीकृत गरी अध्यक्ष मार्फत सभामा पेश गर्ने ।

**निर्णय नं. - ३**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १४(१) मा कार्यपालिकाले आफ्नो काम कारबाही व्यवस्थित गर्न विषयगत समितिको गठन गर्न सकिने व्यवस्था भए बमोजिम गठित भौतिक पुर्वाधार विकास समिति, सामाजिक विकास समिति, आर्थिक विकास समिति, वन, वातावरण तथा विपद् व्यवस्थापन समितिले बर्ष भरी सम्पन्न गरेका कार्यहरु, योजना तथा नीतिगत सुझाब, अनुगमन प्रतिवेदन, चुनौति र आगामी कार्यदिशा सहित पेश गरेको बार्षिक प्रतिवेदन स्वीकृत गरि पारितको लागि सभामा पेश गर्ने ।

**निर्णय नं. - ४**

आ व २०८१।०८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदनले यस पालिकालको बेरुजुको प्रकृति अनुसार देहायको बमोजिम रहेको पाईयो ।

तपशिलः

i. असुल गर्नुपर्ने बेरुजुः ११४१५६४।०० (एघार लाख एकचालिस हजार पाँच सय चौसट्ठी)
ii. अनियमित बेरुजुः ४९, ५६,४८९ (उनान्पचास लाख छपन्न हजार चार सय उनानब्बे मात्र)
iii. प्रमाण कागजात पेश नगरेकोः ७,८७,४१०।०० (सात लाख सतासी हजार चार सय दश मात्र)
iv. चालु आ व को जम्मा बेरुजुः ५७,४३,८९९ (सन्ताउन्न लाख त्रिचालिस हजार आठ सय उनान्सय मात्र)
v. पेश्की खर्चः ५,००,०००।०० (पाँच लाख मात्र)
vi. हालसम्मको अद्यावधिक बेरुजुः ८,०६,३५,५१७।०० (आठ करोड छ लाख पैतिस हजार पाँच सय सत्र)

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

मिति: २०८३/०३/०९ ने.सं. ११४६ तछलाथ्व ९ मंगलबार बैठक संख्या - १४

आ व २०८१।०८२ को अन्तिम प्रतिवेदनले औंल्याएको अनियमित बेरुजु सम्परिक्षण गर्न तपशिल बमोजिम निर्णय गरि नियमित गर्नका लागि सभामा पेश गर्ने निर्णय गरियो।

| सि नं | बेरुजु दफा | बेरुजुको संक्षिप्त व्यहोरा | संपरिक्षणको आधार | संपरीक्षणको निर्णय |
|---|---|---|---|---|
| १ | ३० | पालिकाले खर्च रकम लेख्दा निजी तथा सामुदायिक रुपमा संचालन रहेका संस्थाहरुले थप रकम आश्रितसँग लिए नलिएको यकिन नगरी भुक्तानी गर्ने कार्यलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ। यसरी भएको खर्च रकमलाई नियमित मान्न नसकिएकोः पुष्पलाल मदन भण्डारी परिषद भवन निर्माण रु १०,००,००० हरिहंश स्मृति प्रतिष्ठान भवन निर्माण रु १०,००,००० | - सम्बन्धित संस्था दर्ता गैर नाफा मूलक भएको प्रमाण<br>- सम्बन्धित संस्थाको आय व्ययको प्रतिवेदन<br>- कार्यपालिकाबाट प्राप्त प्रतिवद्धता सहितको निर्णय | संलग्न प्रमाण र आधारमा आगामी दिनमा यस्ता प्रकृतिका कार्यहरुमा खर्च लेख्दा मलेपले यस दफामा उल्लेख गरेको रायलाई ख्याल गरेर मात्र भुक्तानी लेख्ने कार्यपालिकाको प्रतिवद्धता सहित नियमित गर्न सभामा पेश गर्न निर्णय गरियो। |
| २ | ४६ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४८ को उपनियम १ बमोजिम गठित जिल्ला दर रेट समितिले आर्थिक बर्ष २०८१।८२ लाई पाँचथर जिल्लाको लागि प्रति मौरि घारको मुल्य रु. ३,७०० रहेको छ। पालिकाले दमक कृषि डेरी संसार एण्ड एग्रो प्रा.लि.बाट प्रति घार ५८०० दरले ३४ वटा जम्मा रु. १,९७,२०० मा खरिद गरेको छ। पालिकाले प्रति घार रु. २१०० ले ३४ वटा घारको रु. ७१४०० नियमबिपरित भुक्तानी गरी खरिद गरेको देखिन्छ। पालिकाले भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु. ७१४००।०० | - जिल्लादररेट अनुसारको मौरीघार खरिदका लागि रु ३७०० को खरिद गर्दा प्लाइउडको (ब्रुडर सुपरफ्रेम) मात्र आउने र सेरेनाका लागि न्युटन बि टाईप १० फ्रेमवाला टुनिको काठ उपयुक्त हुने हुँदा लागत अनुमानका लागि ३ वटा फर्मबाट माग गरि पुन कोटेशन माग गरि रु ५८०० मा खरिद गरिएको हो। | गुणस्तरिय र कृषकको माग अनुसारको सामाग्री खरिद गर्दा जिल्ला दररेट भन्दा न्यून रकममा सामाग्री आपूर्ति गर्न नसकिएको ले आगामी दिनहरुमा जिल्ला दररेटमा तोकिएको स्पेशिफिकेशन अनुसारमात्र खरिद गरिने प्रतिबद्धताका आधारमा बेरुजुलाई सभाबाट नियमित गर्न सभामा पेश निर्णय गरियो। |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| ३ | ५७ | सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ बमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक कार्य सम्पादन तथा विल र विजकको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। ६ नं. स्वास्थ्य चौकी शौचालय निर्माणको कार्य कान्छीहाङमा निर्माण सेवासँग २०८२।२।३० मा मिति २०८२।३।१५ गते भित्र कार्यसम्पन्न गर्नेगरी मु.अ.कर सहित रु.३४६५६८ मा सम्झौता भएको छ। निर्माण स्थल भएको स्थानमा स्वास्थ्य चौकीको भवन निर्माणको लागि गोल्डेन निर्माण सेवासँग मिति २०८१।९।११ मा रु.३६३९४८५ (मु.अ.कर सहित) मिति २०८२।३।१० सम्पन्न गर्नेगरी मा सम्झौता भएको देखिएको छ । पालिकाले एउटै स्थानमा गर्ने कार्यको लागि ठेक्का तथा सोझै खरिद गरी निर्माण कार्य गरेको देखिन्छ र दोहोरो गरी गर्नुपर्ने कारण समेत स्पष्ट देखिएन। अत: एउटै समयमा गर्नुपर्ने कार्यलाई ठेक्काको समयावधी हुदाँहुदै पुन सोझै खरिद मार्फत कार्य गराएको नियमसम्मत नदेखिएको रु.' | स्वास्थ्य चौकीको भवन निर्माणको लागि गोल्डेन निर्माण सेवाले गरिरहेको अवस्थामा शौचालयको लागि लागत अनुमान नभएको हुदाँ आर्थिक बर्षको अन्तमा कार्यफछर्यौट गर्न सम्बन्धित फर्मलाई अप्ठ्यारो हुने र समयसिमाको कमिले गर्दा ६ नं. स्वास्थ्य चौकीमा शौचालय निर्माणको कार्य कान्छीहाङमा निर्माण सेवासँग सम्झौता गरि सम्पन्न गरिएको हो । पालिकाले एउटै स्थानमा गर्ने कार्यको लागि ठेक्का तथा सोझै खरिद गरी निर्माण कार्य गरेतापनि काममा दोहोरोपना नहुने गरी खरिद कार्यसम्पन्न गरिएको हो । | संलग्न प्रमाण र आधारमा बेरुजुलाई सभाबाट नियमित गर्ने र आगामी दिनमा दोहोरो पर्ने गरि एकै समयमा खरिद कार्य नगर्ने कार्यपालिकाको प्रतिवद्धता सहित नियमित गर्न सभामा पेश गर्ने । |
| ४ | ६८ | सिंहपुर पशुपति माध्यामिक विद्यालयले च नं ००८ 'क' मिति २०७८।६।१ गतेको नियुक्ती पत्रबाट श्री भोला गौतमलाई विद्यालयको स्रोतबाट प्रति विषय मासिक ३००० तलब भत्ता पाउने गरी विद्यालय शिक्षकको रुपमा नियुक्त गरेको देखिन्छ। विद्यालयको आन्तरिक स्रोतबाट तलबभत्ता भुक्तानी हुने गरी नियुक्त भएको र निज शिक्षकलाई पालिकाबाट नियुक्ती नदिएको अवस्थामा | सिंहपुर पशुपति माध्यामिक विद्यालयमा कक्षा ११-१२ संचालन भएतापनि दरबन्दि स्वीकृत नभएकोले र शैक्षिक शत्र २०८२ को इमिस रिपोर्ट अनुसार कक्षा ११ र १२ मा ३७ जना विद्यार्थी अध्ययनरत रहेको हुदाँ आवश्यकताका आधारमा शिक्षकलाई तलब भत्ता | संलग्न व्यहोराको आधारमा गाउँकार्यपालिकाले आगामी दिनमा यस्तो प्रकारको शिक्षकलाई तलब निकासा नगर्ने प्रतिवद्धता र शिक्षकको दरबन्दि मिलान तथा विद्यालय समायोजन गरि |

| | | | | |
|---|---|---|---|---|
| | | तलब भत्ता भुक्तानीको दायित्व पालिकामा सिर्जना हुने अवस्था देखिदैन। पालिकाले विद्यालयलाई आर्थिक बर्ष २०८०।८१ को तलब भत्ता बापत गो भौ नं ५७५, २०८२।३।१९ बाट ५००००० र आर्थिक बर्ष २०८१।८२ को तलबभत्ता बापत ७५५, २०८२।३।२५ बाट रु. ५०००० गरि जम्मा रु. १०,००,००० भुक्तानी दिएको छ। शिक्षकको तलबभत्ता बापतको रकम पालिकाले विद्यालयलाई भुक्तानी गर्नु नियमसम्मत देखिदैन। यसरी भुक्तानी भएको रकम अनियमित भएको रु. १० लाख | विद्यालयले बेहोर्ने गरि नियुक्ति गरेतापनि सामुदायिक विद्यालयहरुमा माध्यमिक तहसम्म निशुल्क शिक्षा दिने कानूनी प्रावधान रहेको हुँदा विद्यालयको आम्दानीको स्रोत समेत नहुदाँ पालिकाले गाउँसभाको निर्णय बमोजिम शिक्षकको तलब बापतको रकम भुक्तानी गरेको हो । | विद्यालय संचालन कार्यपालिकाको प्रतिबद्धता सहित यस दफाको बेरुजुलाई सभाबाट नियमित गर्न पेश गर्ने । |
| ५ | ७१ | प्रारम्भिक बालविकास कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका २०६१ को दफा ८ अनुसार दिनको ४ घण्टा कक्षा सञ्चालन गर्नुपर्ने र प्रत्येक कक्षामा २५ जना सम्म बालबालिका राख्नुर्ने व्यवस्था छ। पालिकाले दिएको विवरण अनुसार निम्नलिखित बालविकास केन्द्रमा विद्यार्थी संख्या शुन्य भएको अवस्थामा समेत सहजकर्ता नियुक्त गरी रु. 4,48,500 तलब भत्ता बापत भुक्तानी गरेको छ। शुन्य विद्यार्थी भएका बालविकास केन्द्रमा सहजकर्ता नियुक्त गरी तलब भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु. | पालिकाले शून्य विद्यार्थी रहेको बालविकास केन्द्रका सहजकर्ताहरुलाई कंकला बाल विकास केन्द्रको सकालाई मझैटार आ वि र डाँडागाउँ बाविकेको सका लाई जनता आ वि मा कार्यरत रहने गरि समायोजन गरिएको छ । सोही समायोजन र मातृ विद्यालयमा अध्यापन गराएको आधारमा निज सकाहरुको तलब भत्ता सोही केन्द्रहरुमा भुक्तानी भएको हो । | संलग्न ब्यहोराको आधार र पालिकाबाट सिर्जित सका हरुको दरबन्दि मिलान गर्ने गाउँ कार्यपालिकाको प्रतिवद्धता सहित यस दफाको बेरुजुलाई सभाबाट नियमित गर्न सभामा पेश गर्ने निर्णय गरियो । |
| ६ | ७३ | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने गरी मितव्ययी तरिकाले | पालिकामा शिक्षा ऐन नबनेको र प्राविधिक शिक्षालाई मध्यनजर गरि कम्प्युटर ल्याब संचालनका लागि मानव स्रोत आवश्यक | संलग्न व्यहोराको आधारमा आगमी दिनमा यस्तो प्रकारको शिक्षक नियुक्ति नगर्ने, |

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | | गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडाबाट नियुक्त भएका भाषा शिक्षक बाहेक अन्य ३ विद्यालयका शिक्षकहरुको तलबभत्ता बापत रु. ८,६५,००३ भुक्तानी गरेको छ। शिक्षक दरबन्दी स्वीकृत नभएको, शिक्षकहरुको दरबन्दी मिलान नगरिएको, पालिकाले कुनै मापदण्ड नबनाएको तथा पालिकाबाट शिक्षक नियुक्तीको लागि स्वीकृती नभएको अवस्थामा वडाबाट नै शिक्षक नियुक्ती गरी पालिकामाथी आर्थिक दायित्व सिर्जना हुनु मितव्ययीपूर्ण देखिदैन। वडाबाट नियुक्त भएका शिक्षकहरुको तलबभत्ता बापत भुक्तानी भएको नियमसम्मत नदेखिएको रु. | भएको तर पालिकाको सोहि शिक्षक दरबन्दी स्वीकृत नभएको, शिक्षकहरुको दरबन्दी मिलान नगरिएको, पालिकाले कुनै मापदण्ड नबनाएको तथा पालिकाबाट शिक्षक नियुक्तीको लागि स्वीकृती नभएको अवस्थामा समेत वडाबाट नै शिक्षक नियुक्ती गरी पठनपाठन गराउको हुदाँ पालिकाले वडाबाट नियुक्त भएका शिक्षकहरुको तलबभत्ता बापत भुक्तानी भएको हो। | शिक्षकलाई तलब निकासा नगर्ने तथा शिक्षकको दरबन्दि मिलान तथा विद्यालय समायोजन गरि विद्यालय संचालन गर्ने प्रतिवद्धता गर्दै दफाको बेरुजुलाई सभाबाट नियमित गर्न सभामा पेश गर्ने निर्णय गरियो। |
| ७ | ७६ | सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४ मा सार्वजनिक निकायले एक लाख रुपैँयाभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था छ। पालिकाले आधारभुत तह कक्षा १-८ को स्थानीय पाठ्यक्रम निर्माण बापत हेम कृष्ण चापागाईले रु. २,३५,००० भुक्तानी गरेको छ। पालिकाले कम्तीमा तीन वटा परामर्शदाताबाट दरभाउ माग गरी खरिद गर्नुपर्नेमा प्रतिस्पर्धा नगरी एक व्यक्तिसँग सम्झौताबाट खरिद गरेको नियमसम्मत छैन। यसरी खरिद गरिएको नियमसम्मत नदेखिएको रु. | सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम सार्वजनिक निकायले एक लाख रुपैँयाभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीन वटा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवाप्रदायकबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था भएको तर पालिकाले परामर्शकर्ताबाट खरिद गर्दा समेत महंगो पर्न जाने भएकोले अनुभवी र छिमेकी पालिकामा समेत काम गरेको व्यक्तिबाट सम्पन्न गरि भुक्तानी गरिएको हो। | संलग्न व्यहोराको आधारमा गाउँकार्यपालिकाले आगमी दिनमा यस्तो प्रकारको व्यक्तिगत परामर्शबाट काम गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको पंर्ण पालना गरिने प्रतिवद्धताका आधारमा यस दफाको बेरुजुलाई सभाबाट नियमित गर्न सभामा पेश गर्ने गरियो। |

दीपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. - ५**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ६७ बमोजिम स्थानीय श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले आयको प्रक्षेपण र वितरणको खाका र बजेट सिमामा आधारित भई स्थानीय तहको बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न गठित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरेको बार्षिक बजेट तथा कार्यक्रमलाई आवश्यक परिमार्जन सहित स्वीकृत गरी सभामा पेश गर्ने ।

**निर्णय नं. - ६**

यस हिलिहाङ गाउँपालिकामा प्रदेश लोकसेवा आयोग कोशी प्रदेश विराटनगरबाट स्थायी नियुक्तिका लागि सिफारिस भई मिति २०७९।०६।३० गते स्थायी नियुक्ति भई निजले मिति २०८२ माघ २ गते स्वेच्छिक रुपमा राजिनामा पेश गरि कार्यालयको कामको चाप तथा आवश्यकताले गर्दा मिति २०८२ फागुन १ गते देखि लागु हुने गरी हिलिहाङ गाउँपालिकाको दशौं बैठकको निर्णयानुसार राजीनामा स्वीकृत भएको हुँदा कार्यालयमा रहेको निजको हाजीरी अभिलेखका आधारमा देहाय बमोजिमको संचित घर विदा, विरामी विदा तथा औषधि उपचार खर्च भुक्तानी कोशी प्रदेश सरकारबाट जारी भएको स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन, २०८० को दफा ४९ बमोजिमको उपचार खर्च, दफा ११४(५) घर विदा, ११५(७) बमोजिमको विरामी विदा बापतको रकम कर्मचारी कल्याणकोषबाट भुक्तानि दिन प्रमुख प्रशासकी अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. - ७**

हिलिहाङ गाउँपालिका गाउँसभाको १८ औं अधिवेशनले पाँचथर क्याम्पस व्यवस्थापन अनुदान शिर्षकमा पाँचथर बहुमुखीक्याम्पस व्यवस्थापनको लागि बजेट विनियोजन गरेकोमा क्याम्पसको माग बमोजिम क्याम्पस विकास अक्षयकोय व्यवस्थापन निर्देशिका, २०८१ बमोजिम क्याम्पसको अक्षयकोषमा रकम जम्मा हुने गरी रकम भुक्तानि दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

**निर्णय नं. - ८**

गाउँसभा तथा कार्यपालिका, वडाको बैठकमा अनुपस्थित जनप्रतिनिधिहरुका सम्बन्धमा नागरिक तहमा व्यापक रुपमा जनगुनासो सहित सेवा सुविधा भुक्तानीका विषयमा सार्वजनिक कार्यक्रमहरुमा सवालहरु पटक पटक उठेकाले सेवा सुविधा भुक्तानीलाई रोकिएको सन्दर्भमा गाउँ तथा नगरसभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ दफा ११ मा कुनै सदस्य आफ्नो पदबाट निलम्बित भएमा निलम्बित अवधिभर र फौजदारी अभियोगमा अदालतको आदेशबमोजिम थुनामा वा कैदमा रहेमा बाहेक सेवा सुविधा भुक्तानी गर्न सकिने आषय उल्लेख भएको हुनाले बैठक भत्ता बाहेकको सेवा सुविधा भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

२०८३/०३/०९

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. - ९**

हिलिहाङ गाउँपालिका गाउँ सभाको २० औं अधिवेशनको दोश्रो तथा तेश्रो बैठकमा देहाय बमोजिमको कार्यसुची स्वीकृत गर्ने।

दोश्रो बैठक

१. नीति तथा कार्यक्रम प्रस्तति तथा पारित गर्ने सम्बन्धमा।
२. बार्षिक बजेट तथा कार्यक्रम सभामा प्रस्तुत गर्ने सम्बन्धमा।
३. न्यायिक समितिको बार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
४. अनुगमन समितिको बार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
५. सार्वजनिक लेखा समितिको बार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
६. महालेखा परिक्षकको आ.व २०८१।०८२ को अन्तिम प्रतिवेदन सभामा पेश गर्ने सम्बन्धमा।
७. ५ वटा विषयगत समितिको बार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
८. हालसम्मको बेरुजु अध्यावधिक तथा अनियमित बेरुजु नियमित गराउने सम्बन्धमा।

तेश्रो बैठक

१. बार्षिक बजेट तथा कार्यक्रम पारित गर्ने सम्बन्धमा।
२. अर्थ विधेयक, २०८३ पारित गर्ने सम्बन्धमा।
३. विनियोजन विधेयक, २०८३ पारित गर्ने सम्बन्धमा।
४. हिलिहाङ गाउँपालिकाको बेरुजु फछर्यौट सम्बन्धी कार्यविधि विधेयक, २०८३ पारित गर्ने सम्बन्धमा।
५. आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व विधेयक, २०८३ पारित गर्ने सम्बन्धमा।
६. योगदानमा आधारित सामाजिक सुरक्षा कोष विधेयक, २०८३ पारित गर्ने सम्बन्धमा।
७. स्थानीय न्यायिक कार्यविधि विधेयक, २०८३ पारित गर्ने सम्बन्धमा।
८. अनियमित बेरुजु नियमित गराउने सम्बन्धमा।
९. कार्यपालिकालाई विशेष अधिकार प्रत्यायोजन सम्बन्धमा।
१०. बर्षभरिको कार्यालय तथा कार्यपालिकाको निर्णय अनुमोदन सम्बन्धमा।

टोपेन्द्र कुमार लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. - १०**

विविध प्रकृतिका आर्थिक सहायता शिर्षकका निवेदनहरुका सम्बन्धमा आर्थिक सहायता सम्बन्धी कार्यविधि-२०७९ बमोजिम गर्ने तथा कार्यविधिले नभेटेको निवेदनको हकमा आगामी कार्यपालिका बैठकले निर्णय गरे बमोजिम हुने।